## आलुमा पुतलीको मुख्य समस्यामा पालुङ

विगत धेरै वर्षदेखि आलु खेतीमा प्रख्यात मकवानपुरका कृषक आलुमा देखिने पुतलीको समस्याले चिन्तित भइरहेका छन् । उचित कोल्ड स्टोरका अभाव , जात छनोटमा समस्या ,रोगको बारेमा चेतनाको अभाव आदिले गर्दा वर्षिनै यो समस्य बढ्दो क्रममा देखिएको छ ।यस कीरालाई नेपालमा क्षतीका हिसावले आलुको सबभन्दा नोक्सानी पुर्‍याउने कीराको रुपमा लिइन्छ ।

### के हो त आलुको पुतली ?

आलुको पुतली, पुतली वर्गमा पर्ने एउटा सानो आकारको कीरा हो । यो कीराको वयस्क पुतली सानो, खैरो तथा खरानी मिसिएको रंगको हुन्छ । यसको पखेंटा लामो र पातलो झस भएको हुन्छ । यसको अघिल्ल पखेटाहरुमा कैला खैरा रंगमा ससाना काला छिर्काहरु हुन्छन् । यसको भित्री पखेटाहरु मैलो सेतो रंगका हुन्छन् । यो पुतली धानमा लाग्ने पुतली जस्तै देखिन्छ । पखेटा सहित शरीरको लम्बाई १०-१२ मिलिमिटर हुन्छ । यसको पूर्ण विकसित लार्भाको टाउको खैरो हुन्छ भने शरीश प्याजी रंगको १५_२० मिलिमिटरको हुन्छ ।लार्भाका रंग पात खान थालेपछि हरियोमा परिवर्तन हुन्छ । लाभ्रा केहि दिनपछि ६ मिलिमिटरको लामो खरानी रंगको झुसे कोया बनाई अचल अवस्थामा रहन्छ । यसले २० देखि ३० डिग्री सेल्सीयस तापक्रम भएको अवस्थामा २१ देखि ३० दिनमा आफ्नो जीवन चक्र पुरा गर्दछ । फुलवाट लार्भा हुन ४_५ दिन , लार्भाबाट प्युपाबाट वयस्क हुन ६_७ दिन लाग्ने गर्दछ ।



**Potato Tuber Moth**
(*Phthorimaea operculella*)



## क्षतीका प्रकार

- यो कीराको लाभ्रेले पात ,कमलो डाठं तथा दानामा सुरुङ खनेर नोक्सान पुऱ्याउँदछ ।
- पातमा लाभ्रेले खाएको भाग सकुको जस्तो देखिन्छ र कीरा पसेका डांठहरु भांचिइ टुप्पाहरु सुकेका हुन्छन् ।
- आलुको दानाको बिशेष गरी आंखामा प्वाल पारी स-साना लाभ्रे आलु भित्र पसी बांगाटिंगा सुरुङ वा खोपिल्टा पारेर खांदै भित्र पस्दछ ।
- लाभ्रे भित्र पसेको भागबाट केहि दिनमै काठको खस्रो धुलो जस्तो खेरो कीराको विष्टाका कणहरु बाहिर थुप्रिएको देखिन्छ ।
- नोक्सान गरेको आलु दाना चाउरिइ सुक्न थाल्दछ ।




## नियन्त्रण

- कीरा नलागेको बीउ आलुको प्रयोग गर्ने
- पुतली भाले कीराहरु आकर्षण गर्ने एक प्रकारको पासो फेरोमनको प्रयोग गर्ने
- बीउ आलु आवश्यक गहिराइमा रोप्ने (करिव १० से.मी.),खेत बारीमा आलुलाई माटो बाहिर देखिन दिनु हुँदैन
- सिंचाइको कमिले गर्दा डयाङमा चिरा पर्न दिनु हुदैंन तसर्थ सिंचाइको राम्रो प्रबन्ध गर्नुपर्छ
- आलु खन्ने समय भएपछि ढिला नगरि आलु थन्क्याउनु पर्दछ
- कीरा लागेको आलुका दानाहरु जथाभावी नफ्यांकी एक ठाँउमा जम्मा गरी पुरी दिने वा जलाइ दिनुपर्छ
- खेतबारी सफा र झरपात रहित पार्नुपर्छ
- टुक्रापारी छहारीमा सुकाइएका तितेपाती, वनमारा ,बोझो आदिले भण्डारण स्थलमा आलुसँगै मिसाउने
- बीउ आलुलाई ५० प्रतिशत मालाथियन २–३ मि.लि.प्रति लिटर पानीमा मिसाइ तयार पारेको झोलमा ५ मिनेट डुबाइ छहारीमा सुकाइ गर्नुपर्दछ